मिति २०८३।१।२२ गते बसेको प्रदेश समन्वय परिषद्को छैटौं बैठकका निर्णयहरू:

१. सुदूरपश्चिम प्रदेशको प्रदेश समन्वय परिषद्को संरचना, कार्य क्षेत्र तथा संघीय तहहरूबीचको अन्तरसम्बन्धका आधारहरुको बारेमा जानकारी सहित विगतमा बसेका प्रदेश समन्वय परिषद्को बैठकका निर्णय एवं सोको कार्यान्वयनको अवस्थाको बारेमा छलफल एवं समीक्षा गरियो ।

२. विगतका बैठकबाट भएका निर्णयमध्ये कार्यान्वयन हुन नसकेका कतिपय निर्णयहरुको सम्बन्धमा कार्यान्वयन हुन नसक्नुका कारणहरू पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि सुधारका क्षेत्र र उपायका सम्बन्धमा सुझाव दिन देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) प्रदेश सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत, भजनी नगरपालिका, कैलाली | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत, कैलारी गाउँपालिका, कैलाली | -सदस्य |
| घ) उपसचिव, योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य सचिव |

३. प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धका सवालहरू विशेष गरी राजस्व परिचालन र खर्च प्रणाली, वित्तीय हस्तान्तरण, नदीजन्य पदार्थबाट प्राप्त हुने राजस्वको बाँडफाँट, जनशक्ति व्यवस्थापन, निर्मित कानुनको परिपालना, कार्यक्षेत्रमा देखिएको दोहोरोपना लगायतका विषयहरूमा स्थानीय तहसङ्गको अन्तरसमन्वय सुदृढ गर्दै आगामी दिनहरूमा त्यस्ता सवालहरू छलफल र सम्वाद वा उपयुक्त कानूनी व्यवस्थाको माध्यमबाट क्रमशः निराकरण गर्दै लैजाने।

४. सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८२ अनुसार स्थानीय तहको संगठन संरचना तथा दरवन्दी निर्धारण तथा व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने सङ्गठन व्यवस्थापन सर्वेक्षण मापदण्ड शीघ्र तर्जुमा गरी उक्त मापदण्ड बमोजिम हरेक स्थानीय तहलाई सङ्गठन व्यवस्थापन सर्वेक्षण गर्न लगाई पेश गर्न लगाउने र आवश्यक समन्वय तथा सहजीकरणको लागि जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने ।

५. प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय तथा अन्तर स्थानीय तहबीच थप समन्वय, सहजीकरणका लागि प्रदेश समन्वय परिषदको बैठक कम्तिमा पनि प्रत्येक ६ महिनामा एक पटक बस्ने व्यवस्था मिलाउने।

६. प्रदेश सरकारका मन्त्रालय तथा मातहतका निकाय/कार्यालय र सबै स्थानीय तहहरूले तीनै तहका सरकारबाट जारी भएका सार्वजनिक खर्च र खरिद व्यवस्थापन सम्बन्धी ऐन, कानूनहरुको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्दै बेरुजुको विद्यमान अवस्थामा सुधार ल्याउन एवं

कमल बहादुर शाह
मुख्यमन्त्री

हाल कायम रहेको बेरुजु रकम तदारूकताका साथ फछ्यौट गर्न प्रदेश सरकार र स्थानीय तहहरूलाई निर्देशित गर्ने ।

७. देहायका विषयमा आवश्यक व्यवस्था मिलाउनका लागि राष्ट्रिय समन्वय परिषद् मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने:

क) संघ, प्रदेश र स्थानीय तहको बजेट निर्माण, आयोजना तर्जुमा र कार्यान्वयनमा दोहोरोपना हुन नदिन र आवश्यकता एवं प्राथमिकता समेतका आधारमा विकास आयोजना छनौट गर्न सहयोग पुग्ने गरी एकीकृत बजेट तथा आयोजना व्यवस्थापन विद्युतीय प्रणालीको विकास गरी लागु गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

ख) ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार नदीजन्य पदार्थबाट संकलित राजस्व मध्ये ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्थाको प्रतिकुल हुने गरी केही नेपाल संशोधन मार्फत स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा भएको संशोधनलाई पुनरावलोन एवं आवश्यक सुधार गर्नका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्यालाई सुझबुझपूर्ण तरिकाले समाधान गर्नुपर्ने वर्तमान सन्दर्भमा यस्ता वासिन्दाहरूको बसोवास क्षेत्रमा रहेका विद्यालय, स्वास्थ्य संस्था लगायतको उचित व्यवस्थापन हुने गरी स्थानीय तहसँग समन्वय गरेर मात्र सरकारी जग्गा अतिक्रमित बस्तीहरू हटाउने कार्य गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

घ) सरकारी विदाहरूमा भएको बढोत्तरी र ढिलो गरी शैक्षिक सत्र सुरू भएको कारणले विद्यालयको पठनपाठन र पाठ्यभारका बीचको तालमेल असन्तुलन भई शिक्षाको गुणस्तर क्षयीकरण हुन सक्ने भएकाले सोको समाधानका लागि स्थानीय तहहरूसँग आवश्यक समन्वय गरी पठनपाठनको विषयवस्तु, पाठ्यभार र आवश्यक क्रेडिट घण्टा नपुग हुने विषयमा उचित व्यवस्था मिलाउन नेपाल सरकारलाई अनुरोध गर्ने।

कमल बहादुर शाह
मुख्यमन्त्री